# स्थानीय राजपत्र

बागमती गाउँपालिका, ललितपुरद्वारा प्रकाशित

| खण्ड ४ | संख्या ११ | मितिः २०७७/११/१४ |
|---|---|---|

**भाग २**

**बागमती गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको कार्यविधि संख्या ११

# उपाध्यक्ष महिला शसक्तिकरण कार्यक्रम कार्यविधि २०७७

**प्रस्तावना :**

बागमती गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने महिलाहरुको जीवन स्तर उकास्न महिलामुखी विभिन्न कार्यक्रमहरु स्थानीय स्तरमा सञ्चालन गरी गाउँपालिका मार्फत सञ्चालन गरिने महिलामुखी कार्यक्रममा महिलाहरुलाई शसक्त रुपमा समावेश गराई महिलाहरुको क्षमता र

जीवनस्तर वृद्धि गर्ने लक्ष्यले गाउँपालिकाले उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने भई उक्त कार्यलाई पारदर्शी एवं प्रभाकारी रुपमा सञ्चालन गर्नको लागि बागमती गाउँपालिका उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम कार्यविधि २०७७ निर्माण गरी गाउँपालिकाको मिति २०७७।११।०९ मा बसेको गाउँ सभाबाट पारितभई लागू गरिएको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र परिभाषा :

१. यस कार्यविधिको नाम बागमती गाउँपालिका उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ रहेको छ ।

२. यो कार्यविधि गाउँपालिकाको सभाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ । यो कार्यविधि पारित गरिएको मिति देखि लागुहुने भनिएता पनि सो मिति भन्दा अघि उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम विनियोजन गरिएको रकमबाट गरिएको कार्यक्रम यसै कार्यविधि अनुरुप भएगरिएको मानिने छ ।

३. यो कार्यविधि बागमती गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

४. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) उपाध्यक्ष भन्नाले बागमती गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

ख) कार्यपालिका भन्नाले बागमती गाउँपालिकालाई सम्झनुपर्छ ।

ग) उपभोक्ता समिति भन्नाले कार्यक्रम सञ्चालनार्थ गठन गरिएको कार्यक्रम कार्यान्वयन स्थलका जिम्मेवार समितिलाई सम्झनुपर्छ।

घ) सामाजिक विकास समिति भन्नाले बागमती गाउँपालिकाले गठन गरेको समिति सम्झनुपर्छ ।

ङ) असहाय अनाथ महिला भन्नाले कसैको संरक्षण नभएको महिला एवं बालिका सम्झनुपर्छ ।

च) अनुगमन समिति भन्नाले उपाध्यक्ष महिला सशक्तिकरण कार्य प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्नको लागि गठित समिति सम्झनुपर्छ ।

छ) संगठित महिला समूह भन्नाले समूहगत रुपमा सम्बन्धित निकायमा दर्ता भएको महिला संगठन वा दर्ता नभई स्थानीय स्तरमा सामूहिक रुपमा कार्य गर्ने १० वा सो भन्दा माथिको महिलाहरुको समूहलाई जनाँउछ ।

## परिच्छेद - २

## कार्यक्रमको उद्देश्य र क्षेत्र

**क) उद्देश्यः** बागमती गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने महिला वर्गहरुलाई स्थानीय सरकारद्धारा सञ्चालन गरिने कार्यक्रमहरुमा शसक्त रुपमा संलग्न गराई स्थानीय सरकार र महिलाहरु बीचको सम्बन्ध सुमधुर राख्न गाउँपालिकाले स्थानीय महिलाहरुको जीवनस्तर उकास्नको लागि रोजगार मूलक विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने तथा समस्यामा परेका महिलाहरुको पहिचान गरी आवश्यक सहयोग प्रदान गर्ने यस कार्यक्रमको मुख्य लक्ष्य र उद्देश्य रहेको छ ।

**ख) कार्यक्रमको क्षेत्रः** उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमको कार्यक्षेत्र निम्न रहेको छ ।

(१) बागमती गाउँपालिका क्षेत्र भित्रको सबै वडामा बसोबास गर्ने महिलाहरुको प्रतिनिधित्व हुने गरी विभिन्न किसिमको सीपमूलक

साथै रोजगारमूलक जस्तैः सिलाई बुनाई, व्युटीसियन लगायत अन्य सीपमूलक कार्यक्रमको तालीम गोष्ठी आदी सञ्चालन गर्ने ।

(२) स्थानीय महिलाहरुको शैक्षिक स्तर वृद्धिको लागि स्थानीय तवरमा प्रौढ शिक्षा लगायत महिला शिक्षा सम्बन्धी विभिन्न प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ।

(३) स्थानीय महिलाहरुलाई खेलकुदको क्षेत्रमा आकर्षित बनाई विभिन्न प्रकारको महिलामुखी खेलकुद कार्यक्रमको आयोजना गरी उचित पुरस्कार प्रदान गर्ने ।

(४) गाउँपालिका क्षेत्रभित्रका संगठित महिला समूहद्धारा सञ्चालित सामाजिक एवं धार्मिक कार्यमा आवश्यक सहयोग प्रदान गर्ने ।

(५) अतिसिमान्तकृत समुदायका अपाङ्ग, सुस्तमनस्थिति, असहाय, अनाथ महिलाहरुको लागि आवश्यक सहयोग प्रदान गर्ने ।

(६) बागमती गाउँपालिकाको यातायात नपुगेको क्षेत्रमा बसोबास गर्ने गर्भवती एवं जोखिममा रहेको महिलाहरु बिरामी हुँदा यातायात क्षेत्र वा उपचार केन्द्रसम्म पुऱ्याउन र लैजानको लागि आवश्यक स्वास्थ्य सामग्री सहयोग गर्ने ।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालनको लागि कोषको व्यवस्था

क) बागमती गाउँपालिकाले प्रत्येक बर्ष गाउँसभाबाट उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रममा विनियोजन गरेको रकम यस कार्यक्रमको कोष मानिने छ ।

ख) यस कोषको नाम बागमती गाउँपालिका उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम कोष रहने छ ।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन विधि

क) गाउँपालिकाको उपाध्यक्षले महिला सशक्तिकरण कार्यक्रमको लागि विनियोजन गरेको रकम यस कार्यविधिमा उल्लेखित कार्यक्षेत्र भित्रको शीर्षकमा महिला हितको लागि मात्र खर्च गर्नुपर्नेछ ।

ख) उपाध्यक्षले यस कार्यविधिको क्षेत्र बाहेक अन्य क्षेत्रमा महिला सशक्तिकरण कार्यक्रमको रकम खर्च गर्नुपर्ने भएमा उपाध्यक्षले गाउँपालीका बैठकमा पेश गरी गाउँपालिकाको निर्णय बमोजिम गर्नुपर्नेछ ।

ग) उपाध्यक्षले उपरोक्त कार्यक्रम सञ्चालन गर्दा आफूले अनुगमनको क्रममा पहिचान गरेको गाउँपालिकाले आवश्यक ठानेको र स्थानीय महिलाहरुद्धारा माग गरिएको कार्यविधिले तोकेको क्षेत्र भित्रको कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद ५

## सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातहरु

बागमती गाउँपालीकामा उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम सञ्चालनको लागि र सो कार्यक्रम अर्न्तगत सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिम कागजात सहितको निवेदन पेश गर्नु पर्नेछ ।

१) तालिम, गोष्ठी, शैक्षिक प्रशिक्षण कार्यक्रम सञ्चालनको लागि दिने आवेदन सम्बन्धमा पेश गर्नुपर्ने कागजातहरुः

क) बागमती गाउँपालिकाले तोकेको ढाँचाको निवेदन ।

ख) निवेदक कम्तीमा २० जना महिलाहरु हुनु पर्नेछ ।

ग) कार्यक्रम सञ्चालन हुने सम्बन्धित वडा कार्यालयको सिफारिस ।

घ) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ङ) अनुगमन प्रतिवेदन ।

२) उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम अर्न्तगत सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातहरु :

क) कुन शीर्षक अर्न्तगत सहयोग माग गरेको हो सो कुरा निवेदनमा स्पष्ट खुलाई गाउँपालिकाले तोकेको ढाँचाको निवेदन ।

ख) निवेदनको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ग) सम्बन्धीत वडा कार्यालयले शीर्षक उल्लेख गरी सहयोग गरीदिन भनी गरेको सिफारिस पत्र ।

घ) उपाध्यक्षले रु. ५,००,०००/- भन्दा बढीको लागतमा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा गाउँपालिकाको बैठकमा पेश गरी बैठकको निर्णय बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । सो रकम भन्दा तलको लागतमा कार्यक्रम सञ्चालन गर्दा उपाध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिई निजको सहकार्यमा प्रचलित कानुन बमोजिम प्रकृया अबलम्बन गरी सञ्चालन गर्नुपर्नेछ ।

ङ) उपाध्यक्षले उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गर्दा कार्यविधिमा उल्लेखित महिलामुखी तालीम गोष्ठी र प्रशिक्षण जस्ता कार्यक्रम प्रत्येक आ.व.मा कम्तीमा ५ वटा सञ्चालन गर्नुपर्नेछ । अन्य सहयोगको क्षेत्रमा कार्यक्रम विनियोजन रकम खर्च गर्न पाइने छैन ।

च) उपाध्यक्षले आफूले अनुगमनको क्रममा वा गाउँपालिकाको छनोटमा कार्यक्रम सञ्चालन गर्ने भएमा सूचना प्रकाशित गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। स्थानीय महिलाहरुद्धारा माग भई कुनै कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा आवश्यक निवेदन लिई स्थलगत निरिक्षण गरी उपाध्यक्षले आवश्यक बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

छ) स्थानीय महिला संगठन वा महिला समूहद्धारा कुनै सामाजिक, धार्मिक स्थलको निर्माण एवं् मर्मतको लागि महिला सशक्तिकरण कार्यक्रम कोषबाट रकम सहयोग माग भएमा रु.५००००/- भन्दा बढीको रकम सहयोग गर्नुपरेमा उपाध्यक्षले गाउँपालिकाको निर्णयबाट मात्र प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद ६

## विविध

**१. कार्यक्रमको फरफराक सम्बन्धमाः**

क) उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमको लागि विनियोजीत रकमको कोषबाट खर्च भएको रकम प्रचलित कानुन बमोजिम फरफराक हुनेछ ।

ख) अनुगमन/मुल्याङ्कन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम सञ्चालन र यसको प्रभावकारी अनुगमन र मूल्याङ्कनको लागि देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहने छ ।

(क) संयोजक - गाउँपालिकाको उपाध्यक्ष

(ख) सदस्य - प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी

(ग) सदस्य - सामाजिक विकास समितिको संयोजक

(ग) सदस्य-

(ग) सदस्य सचिव- महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

**ग) प्रतिवेदन :** उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम मार्फत संचालीत कार्यक्रम एवं सहयोगको बार्षिक प्रतिवेदन उपाध्यक्षले गाउँ सभामा समेत प्रस्तुत गर्नु पर्नेछ ।

**घ) कार्यविधिको संसोधन:** यस कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य घोषित भई कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा कार्यपालिकाको बैठकबाट आवश्यक संसोधन गरी स्वीकृत गर्न सकिने छ ।

**ङ) बचाउ र खारेजी:** यस कार्यविधिमा व्यवस्था भएको कुराहरुको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएको कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

च) कुनै कारणबाट उपाध्यक्ष महिला कार्यक्रमको औचित्य नदेखिएमा गाउँपालिकाले खारेज गर्न सक्नेछ ।

**प्रमाणीकरण मितिः २०७७।११।१४**

**आज्ञाले,**
**खम्बराज राई**
**प्रमुख प्रशासकीय अधिकृत**